# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको
# प्रथम वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

**१. वैधानिक सभा :**

यस मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को मिति २०७०/०८/१६ गते बसेको सञ्चालक समितिको १३औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, बैकको प्रबन्ध पत्र तथा नियमावली बमोजिम बैंकको प्रथम वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्रीरत्नराज बज्राचार्यज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

मिति:२०७०पौष१२ गते शुक्रबार ।

समय:बेलुकि५:०० बजे प्रारम्भ भई ६:०० बजे समापन ।

स्थान : ग्लोबल आइएमई बैंक, पानीपोखरी, काठमाडौंको सभा कक्ष ।

**२. उपस्थिति :**

**(क) सञ्चालकहरूको उपस्थिति :**

| क्र.सं. | विद्यमान सञ्चालकहरूको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १. | श्री रत्नराज बज्राचार्य | अध्यक्ष | ग्लोबल आइएमई बैंक लि., पानी पोखरी काठमाडौं | ७०,००० |
| २. | श्री शम्भुनाथ गौतम | सञ्चालक | सिद्धार्थ बैंक लि., कमलादी, काठमाडौं | ६५,००० |
| ३. | श्री राजन सिंह भण्डारी | सञ्चालक | सिटिजन्स बैंक इन्टरनेशनल लि., कमलादी, काठमाडौं | ६९,००० |
| ४. | श्री लक्ष्मण रिसाल | सञ्चालक | बैंक अफ एशिया, त्रिपुरेश्वर, काठमाडौं | ७०,००० |
| ५. | श्री राजेन्द्र बहादुर श्रेष्ठ | सञ्चालक | ग्राण्ड बैंक नेपाल लि., काठमाडौं प्लाजा, काठमाडौं | ७०,००० |
| ६. | डा. रामेश भट्टराई | सञ्चालक | जनता बैंक नेपाल लि., नयाँ बानेश्वर, काठमाडौं | ७०,००० |
| ७. | श्री राजेन्द्रलाल बज्राचार्य | सञ्चालक | एनडिइपी डेभलपमेन्ट बैंक लि., कमलादी, काठमाडौं | ७०,००० |
| ८. | श्री सञ्जीव मानन्धर | प्रतिनिधि | प्राइम कमर्सियल बैंक लि., काठमाडौं | ७०,००० |
| ९. | श्री उपेन्द्र पौड्याल | प्रतिनिधि | एनएमबि बैंक लि., बबरमहल, काठमाडौं | ७०,००० |
| १०. | श्री जशोदा सैंजु | प्रतिनिधि | एचएण्डबि डेभलपमेन्ट बैंक लि., कमलादी, काठमाडौं | ७०,००० |

**(ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क्र.सं. | **अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम** | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १. | श्री फनि लाल चौधरी | प्रमुख कार्यकारी अधिकृत | मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि., बट्टार, नुवाकोट |
| २. | श्री प्रविण खरेल | निर्वाचन अधिकृत | कानुनी सल्लाहकार |
| ३. | श्री नवीन मुनि बज्राचार्य | उप प्रबन्धक | एनडिइपी डेभ्लप्मेण्ट बैंक लि. |
| ४. | श्री मनोज ज्ञवाली | प्रमुख वित्त अधिकृत | ग्लोवल आइएमई बैंक लि. |
| ५. | श्री प्रमेश राज कायस्थ | कार्यकारी वित्त अधिकृत | सिटिजन्स बैंक इन्टरनेशनल लि. |

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd. 2069
CORPORATE OFFICE, BATTAR, NUWAKOT

**(ग) शेयरधनीहरूको उपस्थिति विवरण :**

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | कुल उपस्थित शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| | संस्थापक शेयरधनीहरू | १० | ६९४००० | |
| | सर्व साधारण शेयरधनीहरू | ० | ० | |
| | जम्मा | १० | ६९४,००० | |

**३. सभाको बैधानिकता :**

**(क) सभाको बारेमा सार्बजनिक सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान,समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि मिति:२०७० कार्तिक १७ र २१गते राष्ट्रिय दैनिक पत्रिका "कारोबार" र "आर्थिक साप्ताहिक" मा प्रकाशित गरिएको साथै मिति २०७०/०९/१२ गतेका दिन कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनीमहानुभावहरूलाई आ.व.२०६९/०७० को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना, सभाको प्रवेशपत्र तथा प्रोक्सीफाराम समेत पठाई सकिएको व्योहोरा कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री फनि लाल चौधरीबाट जानकारी गराइयो ।

**(ख) गणपुरक संख्या :**

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति२०७०पौष १२ मा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यसप्रकार रहेको थियो ।

| बिवरण | | संस्थापक | सर्वसाधारण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| कुल संख्या | शेयरधनीहरू | १० | ६९४,००० | ६९४,००० | |
| | साधारण शेयर | ० | ० | ० | |

कम्पनी ऐन, २०६३ को दफा ७३(२) र कम्पनीको नियमावली, २०६२ को नियम (५) बमोजिम आवश्यक गणपुरकसंख्या (कम्पनीको शेयरधनीहरू स्वयं वा प्रतिनिधि मार्फत् भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहणगरेको साधारण शेयरहरूको संख्या देहाय बमोजिम रहेको व्योहोरा कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्रीफनि लाल चौधरीबाट अवगतभयो र उपस्थित शेयरधनीहरूले उपरोक्त व्होरा जानकारी लिंदै सभा कानुन बमोजिम बोलाइएको हुँदा पुर्वसुचित प्रस्तावहरूमा छलफल गर्न मन्जुर गर्नुभयो ।

| उपस्थिति बिवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं उपस्थितिसंख्या (क) | शेयरधनीहरू | १० | ० | १० |
| | साधारण शेयर | ० | ० | ० |
| प्रतिनिधिद्वारा उपस्थिति संख्या (ख) | शेयरधनीहरू | | | |
| | साधारण शेयर | | | |
| जम्मा उपस्थिति संख्या (क)+(ख) | शेयरधनीहरू | १० | ० | १० |
| | साधारण शेयर | ० | ० | ० |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयरधनीहरू | १००.०० | ०.०० | १००.०० |
| | साधारण शेयर | ०.०० | ०.०० | ०.०० |

**४. सभामा प्रस्तुत छलफलका विषयहरू :**

शेयरधनीहरूको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सुचना र कम्पनीले शेयरधनीहरूलाई वितरण गरेकोआफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरू देहायबमोजिम रहेका थिए ।

१. **सामान्य प्रस्ताव**

(क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने बार्षिक प्रतिवेदन छलफल तथा पारित गर्ने ।

(ख) लेखापरीक्षकको प्रतिवेदन तथा आ.व.२०६९/७० को वासलात, नाफा नोक्सान र नगद प्रवाह विवरण पारित गर्ने ।

(ग) आ.व.२०६९/७० को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।

२. **विषेश प्रस्ताव**

(क) सञ्चालक समितिका सञ्चालकहरूको निर्वाचन सम्बन्धमा ।

(ख) संस्थाको प्रबन्धपत्रमा संशोधन सम्बन्धमा ।

३. **विविध**

५. **सभाको सभापतित्व तथा उद्घाटन :**

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पुरा भएकोले कम्पनी ऐन, २०६३ को ७४(१) रकम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रत्नराज बज्राचार्यज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो र त्यसै अनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो ।तत्पश्चात् सभापति महोदयले पानसमा बत्ति बाली सभाको उद्घाटन गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

६. **स्वागत मन्तव्य :**

अध्यक्षज्यूको अनुमति लिईसंस्थाका प्रमुख कार्यकारी अधिकृत श्री फनि लाल चौधरीज्यूले सभामा उपस्थित सञ्चालक समितिका सदस्य,शेयरधनी महानुभावहरू एवं अन्य आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

७. **प्रथमवार्षिक प्रतिवेदन प्रस्तुत :**

सभाको काम-कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट सभापति श्री रत्नराज बज्राचार्यज्युले शेयरधनीहरूलाई सम्वोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । त्यसपछिलेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०६९/७० आषाढ मसान्तको वासलात तथा मिति २०६९/०४/०१ देखि२०७०/०३/३१ सम्मको पूर्व सञ्चालन खर्च र सोही अवधिको नगद प्रवाह विवरण साधारण सभा समक्षछलफल तथा निर्णयको रूपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । त्यस आ.व.मा वित्तीय कारोबार नभएकोले पूर्वसञ्चालन खर्च बाहेक अन्य कुराको विवरण प्रस्तुत गर्ने आवश्यक्ता भएन भन्ने कुरा राख्दै शाखा विस्तार नीति, भावीयोजना तथा अन्य कार्यक्रमहरूका बारेमा विवरण प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यबाद ज्ञापन गर्नु हुदै शेयरधनीहरूको तर्फबाट कुनै जिज्ञाशा तथा प्रतिकृया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

८. **साधारण सभामा उठेका जिज्ञासा एवं प्रति उत्तर :**

(क) एक आपसमा छलफलमा सहभागी हुदै शेयरधनी श्री लक्ष्मण रिसालले संस्थाबाट कहिलेदेखि बोनस बाँड्ने र शम्भु गौतमबाट आर्थिक बर्षको अन्त्यसम्ममा संस्थाको नाफाघाटाको स्थिति के हुने बारे जिज्ञासा राख्नु भएको थियो । वहाँहरुको जिज्ञासाको प्रत्युत्तरमा संस्थाका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले चालु आ.व.मा संस्थाको अनुमानित घाटा कम हुने व्यहोरा जानकारी गराउनुभयो ।

त्यसका साथै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री फनिलाल चौधरीज्यूबाट आगामी दिनमा संस्थाले लघुवित्त कार्यक्रमलाई दिगो बनाउन र आफ्ना सदस्यहरूको सामाजिक तथा आर्थिक विकासको लागि लघुउद्यमशीलता तालिम एवं अन्य सामुदायकि कार्यक्रमहरू समेत विभिन्न संघसंस्थाहरूसँग मिली साझेदारीमा सञ्चालन गर्ने व्यहोरासमेत जानकारी गराउनु भयो ।

(ख) लेखापरिक्षकको नियुक्ति सम्बन्धमा प्रष्ट पार्नका लागि अध्यक्षज्यूले लेखापरीक्षण समितिका संयोजक श्री संजीव मानन्धरलाई निर्देशन दिनुभयो । श्री संजीव मानन्धरले लेखापरीक्षक श्री युद्ध प्रसाद ओली (पी वाईसी एण्ड एसोसियट्स) ले आ.व. २०६९/७० को प्रारम्भिक खर्चको लेखापरीक्षण गरेकोमा आ.व. २०७०/७१ देखि संस्थाले व्यावशायिक कारोबार प्रारम्भ गरेकाले यसको लेखापरीक्षण गर्न श्री पराक्रम शर्मा एण्ड कम्पनीबाट गराउँदा वेस हुने भन्ने लेखापरीक्षण समितिको प्रस्ताव रहेको राय पेश भयो । सभामा उपस्थित शेयरधनीहरूले समेत

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069

आ.ब.२०७०/०७१ का लागि यस बैंकको लेखापरीक्षकमा लेखा समितले सिफारिस गरेका निज पराक्रम शर्मालाई नियुक्त गर्ने र निजलाई पारीश्रमिकको हकमारु.५०,०००/ (अक्षरेपी पचास हजार) प्रदान गर्ने प्रस्तावलाई सम्पुर्ण शेयरधनिहरूले समर्थन गर्नुभयो ।

**९. सभाका निर्णयहरू :**

आजको सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमुल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पुर्व सुचित प्रस्तावहरूलाई क्रमशः पारित गरिदिनअध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मत निर्णयबाट देहाए बमोजिमपारित गरियो ।

**(क) सामान्य प्रस्ताव**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुभएको मन्तव्य तथा प्रथम बार्षिक प्रतिवेदन सर्वसम्मतिद्वारा पारित गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन तथा आ.व.२०६९/०७० को वासलात, पूर्व सञ्चालन खर्च र नगद प्रवाह विवरण तथासम्बन्धित अनुसूचिहरू सर्वसम्मतिद्वारा स्वीकृत गरियो ।

(३) आ.व.२०७०/०७१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम श्री पराक्रम शर्मा एण्ड कम्पनीलाई नियुक्त गर्ने र निजलाई पारिश्रमिक स्वरूप रु.५०,०००/- (अक्षरेपी पचास हजार मात्र) दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**(ख) विषेश प्रस्ताव**

(१) संस्थाको सञ्चालक समितिमा संस्थापना गर्ने सम्बन्धमा संस्थापकहरुबीच भएको सम्झौता र संस्थाको नियमावली अनुसार"क" समूहमा रहेका संस्थापक शेयरधनीहरूबाट ५ जना, "ख" समूहका सर्वसाधारण शेयरधनीहरुबाट २ जना र व्यावशायिक दक्ष व्यक्तिबाट १ जना गरी ८ जनाको सञ्चालन समिति बनाउने निर्णय गरियो । हाल साधारण शेयर जारी नभएकोले सो जारी भए पश्चात उक्त समुहवाट प्रतिनिधित्व नभएसम्मका निमित्त संस्थापक शेयरधनीहरु मध्येबाट २ जना "ख" समुहको प्रतिनिधित्व भएपछि प्रतिस्थापन हुने गरी ७ जनाको सञ्चालक समिति गठन गर्ने प्रस्ताव उपर शेयरधनीहरुबाट देहाय बमोजिमका व्यक्तिहरूको मात्र मनोनय उपस्थित भएकोले निर्विरोध चयन भएको व्यहोरा निर्वाचन अधिकृतबाट घोषणा भयो ।

| क्र.सं. | विद्यमान सञ्चालकहरूको नाम | पद | प्रतिनिधित्व | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रत्नराज बज्राचार्य | सञ्चालक | ग्लोबल आइएमई बैंक लि., पानी पोखरी काठमाडौं | |
| २. | श्री सञ्जीव मानन्धर | सञ्चालक | प्राइम कमर्सियल बैंक लि., काठमाडौं | |
| ३. | डा. रमेश भट्टराई | सञ्चालक | जनता बैंक नेपाल लि., नयाँ बानेश्वर, काठमाडौं | |
| ४. | श्री राजन सिंह भण्डारी | सञ्चालक | सिटिजन्स बैंक इन्टरनेशनल लि., कमलादी, काठमाडौं | |
| ५. | श्री लक्ष्मण रिसाल | सञ्चालक | एनआइसी एशिया, त्रिपुरेश्वर, काठमाडौं | |
| ६. | श्री उपेन्द्र पौड्याल | सञ्चालक | एनएमबि बैंक लि., बबरमहल, काठमाडौं | |
| ७. | श्री जशोदा सैंजु | सञ्चालक | एचएण्डबि डेभलपमेन्ट बैंक लि., कमलादी, काठमाडौं | |

उपरोक्त निर्वाचित सञ्चालकहरुमध्ये श्री रत्नराज बज्राचार्य (ग्लोबल आइएमई बैंक लि.) एवं श्री लक्ष्मण रिसाल (एनआइसी एशिया बैंक लि.) "ख" समूहबाट प्रतिनिधित्व हुने गरी सञ्चालकहरू निर्वाचित भै आएको अवस्थामा प्रतिस्थापित हुने छन् ।

(२) यस संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा निम्नअनुसार संशोधन गर्ने र उक्त संशोधन गर्ने क्रममा कम्पनीरजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक लगायतका नियमन गर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन,

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069

सुझाव, तथा संशोधनहरू समेत समायोजन गर्नका लागि संस्थाको सञ्चालक समिति वा समितिले तोकेको कुनै व्यक्तिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रबन्धपत्र, २०६९ प्रस्तावित संशोधन**

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| नभएको | ४(च). आफ्ना ग्राहक सदस्यहरूको हितका लागि संस्थागत विमा अभिकर्ता (Corporate Insurance Agent) भई वीमा सम्वन्धी कार्य गर्ने । | ग्राहक सदस्यहरूको जीवन, व्यवशाय तथा कर्जा सम्बन्धी जोखीमलाई कम गरी आर्थिक विकास एवं समृद्धिमा टेवा पुऱ्याउन । |

३. धन्यवाद ज्ञापन :

यस संस्थाको स्थापना गर्ने क्रममा सहयोग गर्ने नेपाल राष्ट्र बैंक, कम्पनी रजिस्ट्रारको कार्यालय लगायत विभिन्न संघसंस्था तथा व्यक्तिहरूलाई धन्यवाद दिने निर्णय गरियो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरूलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

१०. कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री फनि लाल चौधरीले आजको यस प्रथम वार्षिक साधारण सभामा समावेश विषयसुची अन्तर्गतका सम्पुर्ण विषयहरू समाप्त भएको व्योहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवं सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

११. विषय सुचीमा रहेका सम्पुर्ण कार्यक्रमहरू समाप्त भएको जानकारी प्राप्त भएपश्चात् सभापतिज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरीआजको यस प्रथम वार्षिक साधारण सभा शान्ति एवं सौहाद्रपुर्ण वातावरण र सरल किसिमबाट सम्पन्न गर्न सहयोगपुऱ्याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, ~~नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड,~~लेखापरीक्षक, कानुनी सल्लाहकार तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, पत्रकार महनुभावहरू, बैंककासञ्चालकहरू र सम्पुर्ण कर्मचारीहरू लगायत यस सभाहल उपलब्ध गराई सहयोग गर्ने ग्लोवल आइएमई बैंकलाई समेतहार्दिक धन्यबाद ज्ञापन गर्दै यस प्रथम वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

श्री फनि लाल चौधरी
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd. 2069
CORPORATE OFFICE, BATTAR, NUWAKOT

श्री रत्नराज बज्राचार्य
अध्यक्ष

# तीनमहले विवरण

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
| --- | --- | --- |
| नभएको | ४(च). आफ्ना ग्राहक सदस्यहरूको हितका लागि संस्थागत विमा अभिकर्त्ता (Corporate Insurance Agent)भई बीमा सम्वन्धी कार्य गर्ने । | ग्राहक सदस्यहरूको जीवन, व्यवशाय तथा कर्जा सम्वन्धी जोखीमलाई कम गरी आर्थिक विकास एवं समृद्धिमा टेवा पुऱ्याउन । |

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd. 2069
CORPORATE OFFICE, BATTAR, NUWAKOT

# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को

## प्रवन्धपत्र

## को

## दफा४ ङ पश्चात च थप

दफा ४ (च) :-

आफ्ना ग्राहक सदस्यहरूको हितका लागि संस्थागत विमा अभिकर्त्ता (Corporate Insurance Agent) भई वीमा सम्वन्धी कार्य गर्ने ।